# स्थानिय राजपत्र

भानु नगरपालिकाद्धारा प्रकाशित

खण्डः ०७ संख्याः ०२ मितिः२०८२/०५/३०


**भाग-०२**

## भानु नगरपालिका

नेपालको संबिधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको लागि प्रकाशन गरिएको छ।

## भानु नगरपालिका
## शिक्षकको आन्तरिक सरुवा तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

नगर शिक्षा समितिबाट स्वीकृत मितिः २०८२।०५।१९
नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०५।२०

**प्रस्तावना :**

भानु नगरपालिकाका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको सामयिक सरुवा प्रणालीलाई व्यवस्थित गर्न, विद्यालयमा जनशक्ति व्यस्थापनमा समुदाय तथा विद्यालयको माग र आवश्यकतालाई सम्बोधन गर्न, शिक्षकहरुलाई सबै भौगोलिक क्षेत्रको अनुभव दिलाउन, दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको प्रक्रियालाई नियमित गराई विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अनुकुल वातावरण निर्माण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा भानु नगरपालिका शिक्षा ऐन २०७७ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी भानु नगर कार्यपालिकाले **शिक्षकको आन्तरिक सरुवा तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२** जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक, संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "**शिक्षकको आन्तरिक सरुवा तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२** रहेको छ।

(२) यो कार्यविधि भानु नगरपालिका क्षेत्रभर लागु हुनेछ।

(३) यो कार्यविधि भानु नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "ऐन" भन्नाले भानु नगरपालिका शिक्षा ऐन २०७७ लाई सम्झनुपर्छ।

ख) "नियमावली" भन्नाले भानु नगरपालिका शिकक्षा नियमावली २०७८ सम्झनुपर्छ।

ग) "कार्यपालिका" भन्नाले भानु नगरपालिका कार्यपालिकालाई सम्झनुपर्छ।

घ) "आन्तरिक सरुवा" भन्नाले भानु नगरपालिका अन्तर्गत सञ्चालन भएका सामुदायिक विद्यालयहरुमा हुने अन्तर विद्यालय सरुवालाई सम्झनुपर्छ।

ङ) "नगरपालिका" भन्नाले भानु नगरपालिका सम्झनुपर्छ।

च) "प्रमुख" भन्नाले भानु नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

छ) "उपप्रमुख" भन्नाले भानु नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भानु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

झ) "नगर शिक्षा अधिकारी" भन्नाले भानु नगरपालिकाकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ।

ञ) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले भानु नगरपालिकामा रहेको शिक्षा, युवा र खेलकुद क्षेत्र हेर्ने विभाग वा शाखालाई सम्झनुपर्छ।

ट) "नगर शिक्षा समिति" भन्नाले ऐनको दफा ८ बमोजिम गठित भानु नगर शिक्षा समितिलाई सम्झनुपर्छ।

ठ) "वडा शिक्षा समिति" भन्नाले भानु नगरपालिकाका शिक्षा नियमावलीको नियम ९३ बमोजिम वडा स्तरमा गठित समितिलाई सम्झनुपर्छ।

ड) "दरबन्दी मिलान" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिमका कार्य सम्झनुपर्छ।

ढ) "विद्यालय समायोजन" भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी विद्यालय समायोजन कार्यान्वयन निर्देशिका २०७० बमोजिमका कार्य सम्झनुपर्छ।

ण) "शिक्षक व्यवस्थापन" भन्नाले सालबसाली रुपमा गरिने दरबन्दी मिलान, शिक्षकको आन्तरिक सरुवा तथा काजमा खटाउने प्रक्रियालाई सम्झनुपर्छ।

त) "प्रअ व्यवस्थापन" भन्नाले ऐनको दफा २३ बमोजिम सम्बन्धित तहको स्थायी शिक्षकहरु मध्येबाट गरिने प्रधानाध्यापकको व्यवस्थापनलाई सम्झनुपर्छ।

थ) "प्रधानाध्यापक" भन्नाले ऐनको दफा २३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ।

द) “व्यवस्थापन समिति” भन्नाले ऐनको दफा १२ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

ध) “मन्त्रालय” भन्नाले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा क्षेत्र हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

न) "इकाइ प्रमुख" भन्नाले सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुखलाई सम्झनुपर्छ ।

ऩ) “राष्ट्रिय किताबखाना (शिक्षक)” भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको राष्ट्रिय किताबखाना (शिक्षक) सम्झनुपर्छ ।

प) “शिक्षक सेवा आयोग” भन्नाले संघीय कानून बमोजिम गठन भएको अध्यापन अनुमति पत्र, शिक्षक छनौट तथा सिफारिस र बढुवा सम्बन्धी कामका लागि गठित आयोग सम्झनुपर्छ ।

फ) “शैक्षिक सत्र” भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

ब) "आधारभूत तह  भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्मको पठनपाठन हुने तह सम्झनुपर्छ ।

प) "माध्यमिक तह"  भन्नाले कक्षा नौ दखि कक्षा बाह्र सम्मको पठनपाठन हुने तह सम्झनुपर्छ ।

फ) "काज" भन्नाले विशेष अवस्थामा शिक्षक कर्मचारीलाई छोटो अविधिको लागि गरिने व्यवस्थापन सम्झनुपर्छ ।

## परिच्छेद २

## शिक्षकको दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको समय र प्रक्रिया

३. भानु नगरपालिकाले प्रत्येक वर्ष शैक्षिक सत्रको अन्तिम चैत्र महिनामा शिक्षकको दरबन्दी मिलान सम्पन्न गरी आन्तरिक सरुवाको नियमित प्रक्रिया अघि बढाउनेछ । प्रचलित कानून बमोजिम हुने नियमित सरुवा र विशेष परिस्थितिमा गरिने सरुवा बाहेक सामान्यतया शैक्षिक सत्रको बीचमा शिक्षकको सरुवा गरिनेछैन ।

४. शिक्षकको आन्तरिक सरुवाको लागि दरखास्त आह्वान

क) भानु नगरपालिकाले प्रत्येक शैक्षिक सत्रको फागुन महिनामा हालको विद्यालयमा कार्यरत अवधि पाँचवर्ष पुरा भएका र सरुवा हुन चाहने अन्य शिक्षकहरुबाट तोकिएको ढाँचामा सरुवा निवेदन माग गर्नेछ तर सरुवाको लागि कुनै पनि शिक्षकबाट निवेदन प्राप्त नभएमा पनि सरुवा सम्बन्धी प्रक्रिया अघि बढाउन बाधा पर्नेछैन । निवेदनका साथमा शिक्षकहरुले आँफू सरुवा हुन चाहेको विद्यालय र कारण समेत खुलाउनु पर्नेछ । सरुवाको लागि दिइने निवेदनको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

ख) शिक्षकको आन्तरिक सरुवाको समयमा नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिको तर्फबाट समेत विद्यालयमा शिक्षकको आवश्यकता, कक्षा शिक्षणमा विषयगत समस्या तथा हाल कार्यरत शिक्षकको कार्यसम्पादन र नतिजाको अवस्था समेतलाई मध्यनजर गरी शिक्षक सरुवा तथा व्यवस्थापनका लागि विद्यालयको तर्फबाट निवेदन आह्वान गर्न सक्नेछ । त्यसैगरी नगर शिक्षा समितिले आवश्यकतानुसार वडा शिक्षा समितिको समेत राय लिने सक्नेछ ।

ग) खण्ड क र ख बमोजिमका निवेदन, माग तथा सिफारिस प्राप्त भएपछि नगर शिक्षा समितिले सोको अध्ययन, जाँचबुझ तथा विश्लेषण गरी देहायको आधारमा शिक्षकको सरुवा गर्नेछ ।

- शिक्षक कार्यरत विद्यालयमा रहेको अवधि
- शिक्षकको शैक्षिक योग्यता र सरुवाको माग
- हाल कार्यरत विद्यालयमा निजको जिम्मेवारी, कार्यसम्पादन र नतिजाको अवस्था
- निमा र माध्यमिक तहको हकमा विषयगत दरबन्दी संरचना
- भानु नगरपालिका शिक्षा ऐन २०७७ बमोजिम प्रअ व्यवस्थापन सम्बन्धी मापदण्ड

५. समान्यतया देहायको अवस्थामा शिक्षकको सरुवा तथा व्यवस्थापन गरिने छैन

क) शिक्षक सरुवा गर्दा सम्बन्धित शिक्षकले चाहेको अवस्थामा बाहेक सामान्यतया अनिवार्य अवकाश हुन एकवर्ष मात्र बाँकी रहेको शिक्षकको सरुवा गरिने छैन।

ख) सरुवा गर्दा विद्यालयको हाल विद्यमान विषयगत दरबन्दी संरचना विग्रने वा पठनपाठनमा बाधा पुग्ने गरी सरुवा तथा शिक्षक व्यवस्थापन गरिने छैन।

ग) भानु नगरपालिका शिक्षा ऐन २०७७ बमोजिम प्रअ व्यवस्थापन सम्बन्धी मापदण्ड अनुरुप विद्यालयमा सम्बन्धित तहको एकजना पनि स्थायी शिक्षक नरहने गरी सरुवा तथा व्यवस्थापन गरिने छैन।

घ) कुनै शिक्षकलाई दीर्घ रोग लागेको अवस्था वा सरुवा गर्दा शारीरिक समस्या वा जोखिम बढ्न सक्ने अवस्था भएमा त्यस्तो अवस्थामा निजलाई सरुवा गरिने छैन।

६. शिक्षक सरुवाको कार्यान्वयन: नगर शिक्षा समितिको निर्णयबाट गरिएको शिक्षक सरुवा तथा व्यवस्थापन सम्बन्धी निर्णयको कार्यान्वयन गर्ने गराउने दायित्व सम्बन्धित विद्यालयको हुनेछ। यदि कुनै विद्यालयले तोकिएको समय भित्र उक्त निर्णयको कार्यान्वयन नगरेमा नियमानुसार कारवाही गरिनेछ।

७. शिक्षकको आन्तरिक सरुवा तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ मा कुनै संशोधन वा थपघट गर्नुपरेमा नगर कार्यपालिकाले गर्न सक्नेछ।

## अनुसूची १

### शिक्षक सरुवाका लागि दिइने निवेदनको ढाँचा

(परिच्छेद २, दफा ४ (क) संग सम्बन्धित)

मिति: २०…..। …… ।.....

श्री नगर शिक्षा अधिकारीज्यू
भानु नगरपालिका तनहुँ ।

**विषय: सरुवा हुन पाउँ ।**

उपर्युक्त सम्बन्धमा भानु नगरपालिकाको मिति ............................ को सूचना बमोजिम म श्री ………………… विद्यालयमा मिति …………………….. देखि निरन्तर सेवा गरिरहेको छु । मलाई देहाय बमोजिमका विद्यालयहरु मध्ये कुनै एकमा सरुवा गरी सेवा गर्ने अवसर प्रदान गरिदिनु हुन अनुरोध गर्दछु ।

सरुवा हुन चाहेको विद्यालयहरु

१. श्री ………………………………………….
२. श्री ………………………………………….
३. श्री ………………………………………….

सरुवा हुन चाहेको कारण

……………………………………..
……………………………………..

संलग्न काजगातहरु

क) शिक्षकको नियुक्ति पत्रको प्रतिलिपि (स्थायी / करार / राहत)
ख) शैक्षिक योग्यताका प्रमाणपत्रहरु
ग) चिकित्सकको प्रेस्कृप्सन (विरामी भएको अवस्थामा)

निवेदक शिक्षकको :

दस्तखत : …………………….
नामथर : …………………….
विद्यालय : …………………….
तह श्रेणी: …………………….
विषय: …………………….
संपर्क मो नं : …………………….
इमेल ठेगाना : …………………….